# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६२) काठमाडौं, भदौ २५ गते, २०६९ साल (संख्या २४

## भाग ५

नेपाल सरकार

### अर्थ मन्त्रालयको

### सूचना १

नेपाल सरकारले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची-१ को द्रष्टव्य नं. ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार तथा डेनमार्क सरकार वीच सम्पन्न सम्झौता अनुसार सञ्चालित विद्यालय क्षेत्र सुधार कार्यक्रमका लागि Education Programme Support Office (EPSO) मार्फत अनुदान सहायता रकमबाट खरिद गरिने वस्तु तथा सेवाहरुमा भुक्तानी गरिने मूल्य

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अभिवृद्धि कर आन्तरिक राजस्व विभाग मार्फत फिर्ता दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना २

नेपाल सरकारले आयकर ऐन, २०५८ को दफा ८८क. ले दिएको अधिकार प्रयोग गरी वरिष्ठ पत्रकार सम्मान, २०६८ र राष्ट्रिय पत्रकारिता पुरस्कार, २०६८ बाट सम्मानीत हुनु हुने पत्रकारहरुलाई प्रदान गरिने जनही रु. २,००,०००.- (दुई लाख) पुरस्कारको रकममा आकस्मिक लाभ कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ३

नेपाल सरकारले आर्थिक ऐन, २०६८ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी तीलगंगा आँखा केन्द्रका लागि The Fred Hollows Foundation, Australia वाट उपहार स्वरुप प्रदान गरिने युरो ३२,०००.०० (वत्तिस हजार) मूल्य बराबरको Laser Blended Vision समेतका आँखा उपचार सम्वन्धी सामग्री र यूरो ८,१००.०० (आठ हजार एक सय) मूल्य बराबरको Rental gas Cylinder समेतका आँखा उपचार सम्बन्धी सामग्री आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल र मूल्य अभिवृद्धि कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ४

नेपाल सरकारले आर्थिक ऐन, २०६८ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय अपाङ्ग पुर्नस्थापना समाज, काठमाडौंद्वारा सञ्चालित कार्यक्रमका लागि The Church of Jesus Christ of Latter-Day Saints, U.S.A. बाट उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर १,०५,८९९.८० (एक लाख पाँच हजार आठ सय उनान्सय सेन्ट असी) मूल्य बराबरको व्हिलचेयर, ट्राइ साइकल, कुशन लगायतका पार्टपूर्जा आयात गर्ने सन्दर्भमा अमेरिकी डलर २,९८४.८० (दुई हजार नौ सय चौरासी सेन्ट असी) मूल्य बराबरको व्हिलचेयर, ट्राइसाइकलको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कुशन लगायतका पार्टपूर्जामा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल र मूल्य अभिवृद्धि कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ५

नेपाल सरकारले आर्थिक ऐन, २०६८ को दफा १८ ले दिएको अधिकार k|of]u u/L Leprosy Mission Nepal द्वारा सञ्चालित आनन्दवन अस्पताल, ललितपुरका लागि The Leprosy Mission International, U.K. बाट उपहार स्वरुप प्रदान गरिने युरो १०,८८४.७१ (दश हजार आठ सय चौरासी सेन्ट एकहत्तर), अमेरिकी डलर २४,६६७.८० (चौविस हजार छ सय सतसट्ठी सेन्ट असी), जापानी येन ७,२१,०००.०० (सात लाख एक्काइस हजार), सिँगापुर डलर ११,०१४.५० (एघार हजार चौध सेन्ट पचास) र भा.रु. ८,००,०००.०० (आठ लाख) मूल्य बराबरका स्वास्थ्य सामग्री तथा उपकरण आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ६

नेपाल सरकारले आर्थिक ऐन, २०६८ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी Health Right International द्वारा सञ्चालित Partnership for Maternal and Neonatal Health Project का लागि जिल्ला स्वास्थ्य कार्यालय, अर्घाखाँची मार्फत Project C.U.R.E., U.S.A. बाट उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर १,०४,८१८.४६.०० (एक लाख चार हजार आठ सय अठार सेन्ट छयालीस) मूल्य बराबरका स्वास्थ्य सामग्री आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल र मूल्य अभिवृद्धि कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ७

नेपाल सरकारले आर्थिक ऐन, २०६८ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी नेपाल रेडक्रस सोसाइटी, केन्द्रीय रक्तसञ्चार सेवा, काठमाडौंका लागि Croix-Rouge Luxembourgeoise, Luxembourg बाट उपहार स्वरुप प्रदान गरिने युरो ११,२४०.०० (एघार हजार दुई सय चालीस) मूल्य बराबरको Blood Bag Labels आयात गर्दा भन्सार महसुल र मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ८

नेपाल सरकारले आर्थिक ऐन, २०६८ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी सगरमाथा प्रदुषण नियन्त्रण समिति, सोलुखुम्बुका लागि Ev-K2-CNR Committee, Italy बाट उपहार स्वरुप प्रदान गरिने करिव पाउन्ड स्टर्लिङ १६,९२६.०० (सोह्र हजार नौ सय छब्बिस) मूल्य बराबरको Incinerator (फोहोर जलाउने मेशिन) थान एक आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ९

नेपाल सरकारले आर्थिक ऐन, २०६८ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी खानी तथा भूगर्भ विभाग र Department Analyses, Surveillance Environment (DASE), France बीच सम्पन्न Protocol बमोजिम भूकम्प सम्वन्धी अध्ययन अनुसन्धान कार्य गर्न National Seismological Center का लागि युरो १,०००.०० (एक हजार) मूल्य बराबरको Stainless Steel Tanks थान एकको आयातमा भन्सार महसुल र मूल्य अभिवृद्धि कर छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना १०

नेपाल सरकारले आर्थिक ऐन, २०६८ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी काठमाडौं स्थित ब्रिटिश गोर्खाका लागि आ.व. २०६९।७० मा भारत तथा तेस्रो मुलुकबाट खरिद गरी पैठारी गरिने स्ट्रलिङ्ग पाउण्ड १४,६७,०००.०० (चौध लाख सतसट्ठी हजार) मूल्य बराबरको Generators, Computers, CCTV, Motor vehicles, Office equipment समेतका सामग्रीमा लाग्ने भन्सार महसुल, मूल्य अभिवृद्धि कर र अन्तःशुल्क छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ११

नेपाल सरकारले आर्थिक ऐन, २०६८ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी United Nations High Commissioner for Refugees (UNHCR), झापाबाट उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर ९,३००.०० (नौ हजार तीन सय) मूल्य वराबरको Mahindra Maxx Ambulance थान एक नेपाल रेडक्रश सोसाइटि, उपशाखा, दमक, झापाको नाममा दर्ता गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल, मूल्य अभिवृद्धि कर र अन्तःशुल्क छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना १२

नेपाल सरकारले आर्थिक ऐन, २०६८ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी अपाङ्ग नवजीवन केन्द्र नेपाल, काठमाडौंद्वारा सञ्चालित अपाङ्ग सम्बन्धी कार्यक्रमका लागि Nepali Children's Trust, U.K. बाट उपहार स्वरुप प्रदान गरिने पाउण्ड स्टर्लिङ ९७७.५० (नौ सय सतहत्तर सेन्ट पचास) मूल्य बराबरको अपाङ्ग सम्वन्धी सामग्री तथा उपकरण आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल र मूल्य अभिवृद्धि कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना १३

नेपाल सरकारले आर्थिक ऐन, २०६८ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी श्री कृष्ण सुपारी सहकारी संस्था लिमिटेड, वुधवारे-९, झापाका लागि TATA Motors Ltd., India वाट खरिद गरिने भा.रु. ४,२०,०००.०० (चार लाख वीस हजार) मूल्य वरावरको TATA 207 DI SINGEL CAB WITH POWER STEERING गाडी थान एक आयातमा पचास प्रतिशत भन्सार महसुल छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
कृष्णहरि वास्कोटा
नेपाल सरकारको सचिव



मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।–
गो.हु.द.नं. १६।०६२।६३

मुद्रण विभाग, सिंहदरवार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।